# वित्तीय जानकारी इकाई (FIU-Nepal) र गैर वित्तीय पेशाकर्मी वा व्यवसायी (DNFBPs) बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०७९ भदौ ३० गते काठमाडौं, सोल्टीमोड स्थित हायात प्लेस काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) का सम्बन्धी इकाई र गैर वित्तीय पेशाकर्मी तथा व्यवसायीहरु (Designated Non-Financial Business and Professions-DNFBPs) बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।





नियामक निकायहरु, DNFBPs तथा सम्बन्धित एशोसियसनहरुलाई आमन्त्रण गरिएको सो कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, आन्तरिक राजश्व विभाग, भूमी व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल कानून व्यवसायी परिषद्, नेपाल क्यासिनो एशोसियसन, नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण व्यवसायी महासंघ, नेपाल हस्तकला महासंघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल नोटरी पब्लिक एशोसियसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, नेपाल अडिटर्स एशोसियसन, नेपाल बार एशोसियसन, क्यासिनो व्यवसायीहरु, सुनचाँदी व्यवसायीहरु, मालपोत कार्यालयहरु, नोटरी पब्लिक व्यवसायीहरु, लेखापरीक्षण व्यवसायीहरु तथा कानुन व्यवसायीहरुका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । उक्त कार्यक्रममा इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले 'AML/CFT in DNFBPs' तथा 'goAML in DNFBPS' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि डेपुटी गभर्नर बम बहादुर मिश्रज्यूले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुले पनि आफ्ना ग्राहकहरुको प्रोफाइल एवं जोखिमको आधारमा कारोवारको रिपोटिङ्ग वित्तीय जानकारी इकाईमा गर्न आवश्यक रहेको जानकारी गराउनुभयो । उहाँले Asia/Pacific Group on Money Laundering (APG) ले यस वर्ष गर्ने नेपालको Mutual Evaluation को प्रभावकारी व्यवस्थापनका लागि सबै क्षेत्रहरु उत्तिकै क्रियाशील हुन जरुरी रहेको बिचार व्यक्त गर्नु भयो ।





कार्यक्रममा इकाई प्रमुख दीर्घ बहादुर रावलले सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै वित्तीय जानकारी इकाईले सूचक संस्थाहरु र अनुसन्धानकारी निकायहरुको बीचमा रहेर सूचक संस्थाहरुले पठाएका प्रतिवेदनहरु प्राप्त गरी सोको विश्लेषण पश्चात् अनुसन्धानका लागि अनुसन्धानकारी निकायमा पठाउने गरेको उल्लेख गर्दै सम्पत्ति शुद्धीकरण निवारणका लागि गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुलाई goAML मा आवद्ध भई कारोवार विवरणहरु वित्तीय जानकारी इकाईमा पठाउन आग्रह गर्नु भयो ।

कार्यक्रममा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, पर्यटन विभागका महानिर्देशक श्री होम प्रसाद लुइटेलले सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले खेलेको भूमिकाको बारेमा उल्लेख गर्दै Mutual Evaluation का लागि आउने मूल्यांकन टोलीलाई हामीले गरेको कामको बारेमा स्पष्ट रुपमा बताउन सक्नु पर्ने बनाउनु भयो । इकाईका उप-निर्देशक केशब प्रसाद रिमालले स्वागत मन्तव्य प्रदान गर्नु भएको थियो भने सहायक निर्देशक आश्मा ज्ञवालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सहायक निर्देशक अमिष शर्मा तथा प्रधान सहायक ओमनाथ दाहालले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।